# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १६ भदौ २०७९
# बिहीवार
# बैठक सङ्ख्या- ५०

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:५९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको

छु । माननीय उदय बहादुर बोहरा ।

**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, भरखरै गृह जिल्ला सल्यान गएर आएँ । राप्ति राजमार्ग अस्तव्यस्थ छ । यात्रीहरूले ठुलो सास्ती बेहोरिरहेका छन् । तुलसीपुरदेखि कपुरकोटसम्मको खण्ड ..... एकदमै कम्त बिजोग छ । यसबारे पहिले पनि मैले

सम्मानित सदनमार्फत कुरा उठाएको हुँ । कुनै सुनुवाइ भएन र यसमा सडक डिभिजन कार्यालय दाङ र ठेकेदाको मिलेमतो र लापरबाही प्रष्ट देखिन्छ । र यो गलत हो । यो बदमासी हो र यो मिलेमतोपूर्ण भष्टाचार हो । त्यसो भ'को हुनाले सम्मानित अध्यक्षज्यूमार्फत सम्बन्धित मन्त्रालय र सम्बन्धित निकायलाई गम्भीर ध्यान आकर्षण होस् भन्ने म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उर्मिला अर्याल ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- खास गरी अहिले मधेशमा पानी नपरेर धेरै खास गरी यो जुन नारायणी सिँचाइको उत्तरपट्टिको भागमा चाहिँ अहिले धान रोपेको छ । तर सप्पै सुख्खा भएर चर चर चिरेका छन जमिनहरू । यो समस्या बारम्बारको समस्या हो ।

अर्को समस्या कम्तीमा ७ लाख मेट्रिकटन मल चाहिँनुपर्नेमा अहिले १ लाख बिस हजार २५ हजारभन्दा बढी मल पनि आउन सकेको छैन । मधेशमा सिँचाइ र मलको अभावले खाद्यान्नको एउटा स्रोत भएको मधेशको जुन जमिन छ त्यो उपयोग हुन सकिरहेको छैन् । र बारम्बार यो समस्या मधेशले झेलिरहेको अवस्थामा अब यसमा बहुउद्देशीय पहाड- मधेश बहुउद्देशीय सिँचाइ आयोजनाहरूलाई कार्यान्वयन गरेर लैजानुपर्ने, मललाई समयमै उपलब्ध गराउनुपर्ने यो समस्यालाई बारम्बरा चाहिँ ताकेता भइरहेको र हरेक सदनमा यो हरेक वर्ष उठँदा पनि यसको लागि एउटा वृहत्तर हिसाबले सोच बनाएर जाने कुरामा कमजोरी रहेको छ र यसमा म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यस्ता योजना ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय तुल प्रसाद विश्वकर्मा ।

**माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, यो हालै पशु चिकित्सा पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ जुन यहाँ प्रस्तुत ऊ छ । त्यसमा अहिलेसम्म देशमा १५ सय भेटनरी डाक्टर भएको र त्यसमध्ये आधा विदेश गएको र बाँकी सरकारी सेवा उच्च पद र सहर केन्द्रित रहेको हुनाले

ग्रामीण र दुर्गम क्षेत्रहरूमा डाक्टरहरूको उपस्थिति नै नभएको अवस्था छ र त्यहाँ ९० प्रतिशत कामहरू अन्य प्राविधिक जनशक्तिले गर्नुपरेको अवस्था छ । त्यसैले भेटनरी डाक्टरहरूभन्दा बाहेकका र अन्य प्राविधिक विशेषज्ञ तथा प्राविधिकलगायतका भेटनरी सेवामा कार्यरत जनशक्तिलाई अहिलेको प्रस्तावित विधेयकले समेटने हुनाले त्यसलाई पास गर्नुपर्छ भन्ने आफ्नो चाहिँ भनाइ राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय नारायण दत्त मिश्र ।

**<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, कुलमान आए; कुलमान आए लोडसेटिङ हट्यो भने । साँच्चै हट्यो मानिसहरू त्यतिखेर खुसी भए । खुसी मात्रै भएनन् दङ्ग परे । फेरि कुलमान आए अझ गजव होला भनी विजुली भारत निकासी पनि भयो । म कैलाली बस्छु । यस वर्ष जस्तो गर्मी मानिसहरूले कुलमान फेरि आए अब त अब अघोषित लोडसेटिङ भयो । गर्मीले हैरान भयो लैन लैन भने । म बुढानिलकण्ठ बस्छु । त्यहाँ पनि लोडसेटिङ झ्याम्म झ्याम्म बत्ती जान्छ । के भयो ? दोस्रो पटक कुलमान उही हुन् कि फरक भएर आए ।

डेङ्गु, डेङ्गु डेङ्गु, डेङ्गु नियन्त्रण होस सरकार डेङ्गु नियन्त्रण गरौं । मलखात त यसपाला पाउँदै पाएनन् मानिसहरूले बडा हैरान छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भुवन बहादुर सुनार ।

**<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- अध्यक्ष महोदय, छोटो समयमा त कति कुरा राख्न सकिन्छ होला र । र पनि अहिले फेरि चाड पर्वहरू अगाडि बढेका छन् । हामी चाड पर्वको नजिकतिर पुगिरहेका छौं ।

राज्यले सहकारीलाई असाध्यै विश्वास गरेर पसलहरू र सस्तो चाहिँ किसानहरूलाई चाहिँ सुविधाहरू उपलब्ध गर्ने सहकारी जहाँ राज्यले 'गाउँ गाउँमा सहकारी घरघरमा भकारी' भन्ने पवित्र उद्देश्य लिएर सञ्चालित सहाकारीहरू अहिले असाध्यै बदनाम भइरहेका छन् । जस्तैः अब सुन्न आइराखेको छ । जनताले दुःख गरेर

सङ्कलन गरेको रकमहरू ती सहकारीका प्रमुखहरूले गुटमुट्याएर चाहिँ फरार भएका घटानाहरू दिनदिनै जस्तो सुन्नमा आइरहेको ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मदन कुमारी शाह (गरिमा) ।

**<u>माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, नेपाल आर्थिक विकासको हिसाबले अगाडि बढी नै रहेको छ । र हामीले भनिरहेका छौं । आर्थिक विकासको एउटा आधार नेपालको पर्यटन क्षेत्र हुन सक्छ भनेर । नेपालको कैलाली जिल्ला जो सुदुरपश्चिममा पर्दछ । त्यहाँका नदीहरूमा डल्फिन वर्षायाममा देख्न पाइन्छ । तर अहिलेसम्म राज्यको त्यतातिर ध्यान नगइरहेको अवस्थामा म कैलाली जिल्लाको दक्षिणपूर्वि क्षेत्र टिकापुर र भजनी नगरपालिकामा रहेका पथ्रैया, महना, कडा र कान्द्रा र कर्णाली नदी तटीय क्षेत्रलाई डल्फिन संरक्षण क्षेत्र घोषणा गरियोस् भनी सम्बन्धित मन्त्रालयसँग माग गर्दछु । र यदि यसो सर्न सकियो भने डल्फिनको संरक्षण हुने छ र हामीले चाहिँ पर्यटन क्षेत्रको विकास गर्न सक्ने छौं । र पर्यटन क्षेत्रको विकास गर्दा एउटा पर्यटकले आफूसँग १० ओटा रोजगारी सृजना गर्छ भन्ने एउटा जुन जुन मान्यता छ । जुन तथ्याङ्कले देखाएको छ । यो रोजगारी सृजना गर्न म पनि यसले पनि मद्दत पुग्ने छ भन्ने विश्वास लिएको छु । ..... (समय सकिएको)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोहमम्द खालिद ।

**<u>माननीय श्री मोहमम्द खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्षजी, गत वर्ष सुख्खाबाट ग्रसित किसानहरूलाई सरकारले क्षतिपूर्ति वा राहत स्वरूप केही रकम प्रदान गर्ने निर्णय गऱ्या थियो । अधिकाङ्शले पायो पनि तर सिराहा नगरपालिकाका दर्जनौं किसानहरूले हालसम्म यो राहत रकम पाएको छैन । त्यसतर्फ म सम्बन्धित निकायको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुरेश कुमार आलेमगर।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विश्वभरि Climate Change वेगवान गतिमा बढेको हुनाले होला काठमाडौंमा पनि निकै गर्मी बढिसकेको छ । त्यसै कारणले होला तराईका मच्छेडहरू यहाँ निकै आइसकेछन् र डेङ्गुको प्रकोप फैलाइसकेछन । यो डेङ्गुको प्रकोपले मेरो आफ्नै घरबेटी लोकसेवा आयोगका पूर्व अध्यक्ष पनि पीडित हुनुभएको छ । त्यसैले यो डेङ्गुको रोकथामको लागि यसलाई गम्भीर रूपमा लिएर धैरै मान्छेलाई असर पार्नुभन्दा अगाडि नै राज्यले, सम्बन्धित निकायले, व्यक्तिहरूले यसलाई गम्भीररूपमा लिएर त्यसको रोकथामको लागि पर्याप्त मात्रामा तयारी गर्नुपर्ने आवश्यकता देख्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे।

**<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- खास गरी आज महिलाहरूको महान चाड तिजको पञ्चमी आज यो चाडको दिन । हामीले यो चाडलाई महिलाहरूको अधिकारको रूपमा लिएका छौं । र यो अधिकारको रूपमा सम्झिरहँदा हाम्रा केही उपलब्धिहरू त हासिल भएका छन् । आउने निर्वाचनमा अझै हाम्रो राजनीति दलहरूले र निर्वाचन आयोगले महिलाहरूलाई धैरैभन्दा धैरै प्रत्यक्ष निर्वाचित गर्न सफलता मिलोस् शुभकामना भन्न चाहन्छु ।

र अर्को कुरा मैले बाटोको धैरैचोटि उठाए बुटवलदेखि हिँडेको आज १२ बजे मात्रै यहाँ आइपुगियो । सारै दुर्दशा छ यति ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका माननीय सदस्य देवेन्द्र दाहाललाई "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक प्रतिवेदन, २०७६" र "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन,

अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका माननीय सदस्य श्री देवेन्द्र दाहाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ५३ बमोजिम नेपाल सरकारले संविधानको भाग-४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिसहितको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदमा पेस गर्ने व्यवस्था रहेको छ ।

त्यसै गरी संविधानको धारा ५४ ले संविधानको भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रगतिशील दायित्वको कार्यान्वयन भए नभएको, अनुगमन र मूल्याङ्कन गर्न कानुनबमोजिम एक समिति रहेने छ भन्ने व्यवस्था नेपालको संवैधानिक इतिहासमा प्रथमपटक गरिएको व्यवस्था हो । उल्लेखित व्यवस्था लिखित संविधान भएका अन्य मुलुकहरूमा पनि विरलै पाइन्छ । नेपालको संविधानमा यस किसिमको संवैधानिक व्यवस्था गरिएकोमा संविधान निर्माताहरूलाई उच्च सम्मानका साथ धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा १०४ को उपदफा (२) बमोजिम संघीय संसदका दुवै सदनको संयुक्त बैठकको कार्य सञ्चालन र संघीय संसदको संयुक्त समितिको गठन काम कारबाही संघीय संसदको दुवै सदनको संयुक्त बैठकले स्वीकृत गरेको नियमावलीमा कार्यविधिबमोजिम हुने छ भन्ने व्यवस्था गरेको छ । तदअनुरूप संघीय संसदको २०७५/०३/०८ गते बसेको संयुक्त सदनबाट पारित संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ बमोजिम कार्य हुँदै आएको छ ।

सोही नियमावलीको व्यवस्थाबमोजिम प्रतिनिधि सभाको मिति २०७५/०५/३१ को बैठकबाट प्रतिनिधि सभाका ११ जना माननीय सदस्यहरूको नाम सर्वसम्मतिबाट मनोनयन भएको थियो । सोअनुरूप राष्ट्रिय सभाको २०७५/०६/०४ को बैठकबाट ३ जना माननीय सदस्यहरूको नामसमेत सर्वसम्मतिबाट मनोनयन भएको थियो । संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ मा व्यवस्था भएअनुरूप राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन, अनुगमन

समितिको पहिलो बैठक  २०७५ साल असोज ०७ गते बसेको थियो । समितिमा हाल पदेन सदस्यबाहेक १४ जना माननीय सदस्यहरू रहनुभएको छ ।

नेपाल सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनसमेतका लागि नियमावलीमा भएको व्यवस्थाअनुसार यस समितिको कार्यक्षेत्रभित्र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रगतिशित कार्यान्वयनसम्बन्धी विषय पर्दछ । समितिको गठनपश्चात् सभापतिको निर्वाचन नभएसम्म समितिको बैठक जेष्ठ सदस्य माननीय श्री राधेश्याम अधिकारीको सभापतित्वमा बसेको थियो । समिति गठन भएदेखि यो प्रतिवेदनको समयसम्म समितिको ५३ ओटा बैठक बसेको अवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, यस समितिले २०७५/०६/०७ गते बसेको पहिलो बैठकबाट निर्विरोध रूपमा समितिको निर्वाचन सम्पन्न गरेको तथा अन्य बैठकहरूबाट समितिको कार्यविधि पारित गर्नुको साथै नेपालको संविधानमा उल्लेख गरिएका राज्य विभिन्न नीतिहरूमध्ये शिक्षा, स्वास्थ्य, अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकाससम्बन्धी नीतिका विषयहरूलाई प्रमुख प्राथमिकतासाथ राखी समितिको कार्य योजना तयार गरी कार्यान्वयन गर्दै आएको छ । जनआकाङ्क्षा र जनअपेक्षालाई जनताकै प्रतिनिधिहरूमार्फत कार्यान्वयन गर्ने गराउने उद्देश्यका साथ यो समिति क्रियाशिल रहँदै आएको छ । यसै सन्दर्भमा प्रस्तुत प्रतिवेदनहरूमा समितिले गरेका कार्यहरू विस्तृत रूपमा समावेश गरिएको बेहोरा सम्मानित राष्ट्रिय सभासमक्ष जानकारी गराउन चाहन्छु । समितिको कार्यसम्पादनका सिलसिलामा समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; परराष्ट्र मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; अर्थ मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र राष्ट्रिय योजना आयोगका शिक्षा तथा स्वास्थ्य विषय हेर्ने सदस्यलगायत आयोगका पदाधिकारीलाई समितिमा आमन्त्रण गरी छलफल गर्नुको साथै आवश्यकताअनुसार सम्बन्धित मन्त्रालयका माननीय मन्त्री तथा पदाधिकारीहरूलाई समितिमा आमन्त्रण गरी छलफल गर्दै आएको छ ।

सम्माननीय अध्यक्ष महोदय, संघीय संसदअन्तर्गत गठित यस संयुक्त समितिलाई आगामी दिनमा थप प्रभावकारी तथा परिमाणमुखी बनाउन समिति क्रियाशील रहने छ । यसका लागि आवश्यक अन्तर्क्रिया, छलफल तथा विचार, विमर्श गरी कार्यक्षेत्रभित्रका

काम कारबाही सम्पादन गर्न स्रोत व्यवस्थापन गर्दै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गरी समितिका काम कारबाहीलाई थप प्रभावकारी र क्रियाशील बनाइने छ ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा समितिको कार्यमा सहयोग पुऱ्याउनुहुने सम्माननीय सभामुखज्यू, सम्माननीय अध्यक्षज्यू, माननीय उपसभामुखज्यू, तत्कालीन माननीय उपाध्यक्षज्यू, सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, समितिसँग सम्बन्धित आयोग एवम् निकायका पदाधिकारीहरू, संघीय संसदका तत्कालीन तथा वर्तमान महासचिव र समिति सचिवालयका कार्यरत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउनुहुने विज्ञ एवम् सरोकारवालाहरू एवम् सम्पूर्ण सञ्चारकर्मी मित्रहरू र मित्रहरूसमेतलाई हार्दिक धन्यवाद दिँदै सम्माननीय अध्यक्षज्यूको अनुमतिले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन, समितिको वार्षिक प्रतिवेदन, २०७६ र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन समितिको एकीकृत प्रतिवेदन, २०७९ राष्ट्रिय सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" सम्बन्धी र प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय श्री नारायण दत्त मिश्र</u>**ः- सम्माननीय अध्यक्ष महोदय, संघीय संसदको दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पठाइएको संघीय संसदबाट पुनः गहन अध्ययन, छलफल, विमर्श र विश्लेषणसहित संघीय संसदमा पुनर्विचार हुन राष्ट्रपतिको कार्यालयको मिति २०७९/०४/२९ को पत्रसाथ प्रतिनिधि सभामा फिर्ता पठाइएकोमा उक्त सभाबाट यथारूपमा पुनः पारित भई राष्ट्रिय सभाको व्यवस्थापन प्रक्रियामा आएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ लाई मिति २०७९ भाद्र १२ गतेको बैठकको निर्णयअनुसार विधायन

व्यवस्थापन समितिमा छलफल गरी प्रतिवेदन पेस गर्न पठाएकोमा यस विधेयकका सम्बन्धमा २०७९ भाद्र १३ र १५ गते गरी २ पटक समितिको बैठक बस्यो । छलफलमा माननीय गृह मन्त्री, गृह मन्त्रालयका सचिव र गृह मन्त्रालयका साथै कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

यस समितिमा विधेयकमाथिको छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक र अनौपचारिक रूपमा सहयोग पुऱ्याउनुहुने माननीय गृह मन्त्री, समितिका माननीय सदस्यहरू, गृह मन्त्रालय र कानुन मन्त्रालयका तथा न्याय, संसदीय मामिला मन्त्रालयका सम्बद्ध पदाधिकारीहरूका साथै समिति सचिवालय परिवारलगायत सम्बद्ध सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" मा छलफल गरी पारित यस प्रतिवेदन यस सम्मानित सदनमा पेस गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको २०७९ साल साउन २३ गते बसेको बैठकको निर्णयअनुसार विधायन व्यवस्थापन समितिमा दफावार छलफल गरी प्रतिवेदन पेस गर्नाका लागि प्रतिनिधि सभाबाट सन्देशसहित राष्ट्रिय सभामा प्राप्त कारागार विधेयक, २०८६ माथि समितिले संवत् २०७९ साल साउन २४, २६, ३०, ३१ र भदौं १, २, ७ र ९ गरी ८ पटक बैठक बसी माननीय गृह मन्त्री विधेयकमाथि संशोधन प्रस्तावका प्रस्तोता माननीय सदस्यहरू, गृह मन्त्रालयका सचिव, सम्बद्ध पदाधिकारी, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध पदाधिकारीहरू, कारागार व्यवस्थापन विभागका महानिर्देशकलगायतको उपस्थितिमा छलफल गरिएको थियो ।

विधेयकका विभिन्न दफामा समूहगत र व्यक्तिगत गरी कुल १४ जना माननीय सदस्यबाट ७४ ओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिएँ । यस समितिमा विधेयकमाथिको दफावार छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक र अनौपचारिक रूपमा सहयोग पुऱ्याउनुहुने माननीय गृह मन्त्री, समितिका माननीय सदस्यहरू, गृह मन्त्रालय र कानुन मन्त्रालयका तथा न्याय, संसदीय मामिला मन्त्रालयका सम्बद्ध पदाधिकारीहरूसाथै समिति सचिवालय परिवारलगायत सम्बद्ध सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिले कारागार विधेयक, २०७६ मा प्राप्त संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको विधेयक यस सम्मानित सदनमा पेस गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, विधायन व्यवस्थापन समितिमा बहुमतले पारित भा'को नागरिकता विधेयकको बारेमा पारित भएको भनेर मात्रै उल्लेख गरिएको छ । त्यसैले गर्दा त्यो बहुमतले पारित भएको । यो इमान्दारिता भएन । हिजो कुरा भएको थियो बहुमतले पारित भएको भनेर उल्लेख गर्ने भनेर र यो गम्भीर आपति छ यसमा । इमान्दारिता भएन र त्यो प्रतिवेदनमा त्यो कुरा सच्याउनुपर्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, यहाँ लेखिएकोमा बहुमतबाट पारित भनेर लेखिया'छ । समितिको विधेयक, २०७९ समितिको बहुमतबाट प्रस्तुत रूपमा पारित भनेर भन्या'छ । तर पढ्ने बेलामा माननीय सदस्यले त्यसलाई छुटाउनुभा'को हुदाँखेरि म जानकारी गराए । धन्यवाद ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध
गराउँछु ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रत्येक माननीय सदस्यको लागि ३ मिनेट समय निर्धारण गरेको छु ।

माननीय भगवती न्यौपाने ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः सम्माननीय अध्यक्षज्यू, वास्तवमा यो विधेयकको विषयमा अलिकति सरोकारवाला व्यक्तिहरूको कुरा बाझिएको जस्तो खास गरी पाराभेट, भेटनरी र त्यसपछि चाहिँ नेपाल एनिमल साइन्स एसोसिएसनमा आबद्ध हुनेहरूको चाहिँ एक आपसमा मतमतान्तर निकै भएको हामीले पायौँ । उहाँहरूले सम्बन्धित व्यक्तिहरूले हामीलाई भेट्नु पनि भएको व्यक्तिगत रूपमा माननीयज्यूहरूलाई छुट्टाछुट्टै भेटेर आफ्ना आफ्ना कुरा पनि राख्नुभएको छ । उहाँहरूको एसएमएस अहिले पनि आइराखेको छ । त्यसैले उहाँहरूको बिचमा धेरै अन्तरविरोध भएको हामीलाई महसुस पनि भएको छ । त्यसो भा'को हुनाले यी विषयमा उहाँहरूले योगदान गर्ने सन्दर्भमा आफ्नो आफ्नो ठाउँबाट आफ्नो आफ्नो सेक्टरबाट योगदान गर्नु नै गर्नुभएको छ । खास गरी यो पाराभेटको विषयमा जुन यो ट्रेनिङ गरेर चाहिँ उहाँहरूले सेवा गरिराख्नुभएको छ । औपचारिक शिक्षाभन्दा पनि यो ट्रेनिङबाट चाहिँ उहाँहरूले सेवा प्रवाह गरिराख्नुभएको विषय छ । यो विषयलाई लिएर चाहिँ यो नेपाल एनिमल साइन्स एसोसिएसनले चाहिँ धेरै यहाँ आबद्ध हुनेहरूले धेरै चाहिँ आपति पनि प्रकट गरिराख्नुभएको छ । त्यसैले यो विधेयकको विषयमा उहाँहरूलाई सरोकारवालाहरूलाई जसले यो पाराभेटमा संलग्न हुनेहरूले ग्रामीण एरियामा निकै धेरै सेवा प्रदान गरेको हामीले पाउछौँ । तत्काल हुने समस्याहरूलाई उहाँहरूले सेवा दिइराख्नुभएको हामीले पाउँछौँ तर पनि उहाँहरूको बिचमा जे मत मतान्तर छ यसलाई एकरूपता ल्याउनका निम्ति तालमेल गर्नका निम्ति एउटा मिलाएर लैजानको निम्ति किनभने उहाँहरूको सेवा देशलाई आवश्कयता छ । सबैको सेवा देशलाई आवश्कयता

छ । त्यसकारणले गर्दाखेरि पनि यो विषयमा समितिमा नै व्यापक ढङ्गले छलफल हुन जरुरी छ । सरोकारवाला व्यक्तिहरूलाई बोलाएर, उहाँहरूको सुझाव लिएर, समितिमा व्यापक छलफल गरेर चाहिँ ल्याउन जरुरी छ भन्ने मेरो राय छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुरेश कुमार आलेमगर ।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो जुन विधेयक प्रस्तुत भएको छ भरखरै यो बारेमा मेरो पनि माननीय भगवती न्यौपानेज्यूले राख्नुभए जस्तै धारण रहेको छ । यो विधेयकका साथीहरूसँग मेरो भेटघाट भयो कुराकानी भयो । त्यसको साथसाथै अरू साथीहरू जो हुनुहुन्छ । यसको पहिलेदेखि नै एउटा ऐन पारित भएर सोसरहको संस्था छँदै छ । ती साथीहरूसँग पनि मेरो भेट भएको थियो । दुवै पक्षका साथीहरूले मसँग कुरा राख्नुभएको थियो । उहाँहरू दुवै पक्षको कुरा सुन्दा, उहाँहरूको डकुमेन्ट हेर्दाखेरि धेरै कुरा मिलेको जस्तो लाग्यो । त्यसैले यो जुन विधेयक पेस भइरहेछ । हामी पारित गर्न गइरहेका छौं । यो बारेमा पहिला भएका साथीहरूको चाहिँ कुनै आपति विरोध छैन । तर नाम अलि अलि जुध्न जान्छ र त्यसको काम हो । त्यसको लागि अलिकति ओभरल्यापिङ जस्तो, कलिकति तालमेल नमिल्या जस्तो चाहिँ हुन्छ । त्यसकारणले गर्दाखेरि उहाँको भनाइ चाहिँ के छ भने दुवै पक्षलाई सँगै राखेर धेरै अन्तर त छैन् । दुवै पक्षको सेवा जनतालाई चाहिन्छ । पशु सेवा, पशु स्वास्थ्य जुन कुरा छ त्यो महत्त्वपूर्ण पनि छ । त्यसैले दुवै पक्षलाई सँगै राखेर कुरा राम्रोसँग बुझेर यो विधेयक पारित गर्न पाए हुन्थ्यो भन्ने कुरा उनीहरूले राखेका छन् । र मलाई पनि के लाग्छ भने यसरी तुरुन्त त्यतिकै पारित गरिदिँदा अलिकति झनै नमिठो स्थिति सृजना पछि हुन्छ कि । किनकि यो विधेयकको विरुद्धमा एकथरी साथिहरू आन्दोलन गर्दै हुनुहुन्छ । उहाँहरूको आन्दोलन कति जाएज छ कति नाजाएज छ भन्ने मैले केलाई सकेको छैन । त्यतातिर म पसेको छैन । तर दुवै पक्षलाई राख्दाखेरि र दुवै पक्षको कुराहरू सुनेर दुवै पक्षलाई सँगै राखेर दुवै पक्षको कुराहरू सुनेर अनि यो विधेयकलाई पारित गर्न जादाँखेरि नै राम्रो हुन्छ भन्ने मलाई लाग्दछ । र सम्माननीय अध्यक्ष महोदयमार्फत त्यो स्थितिको सृजना गरियोस् । त्यो परिस्थिति सृजना गर्नको लागि सरकारलाई एक प्रकारको रुलिङ जस्तै गरियोस् भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्ष महोदय, पशु चिकित्सा परिषद् ऐन, २०५५ सँग बाझिने गरी हाल कार्यान्वयनमा रहेको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को हुबहु नामाकरण गरी २०७९/०४/३१ गते प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा आज छलफलमा रहेको पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ को सन्दर्भमा नेपाल पशु चिकित्सा परिषद्ले प्रधानमन्त्रीको कार्यालय, सम्बन्धित मन्त्रालय र संघीय संसदको ध्यानाकर्षण गराएको छ । त्यसैले यस विधेयकमाथि विधायन व्यवस्थापन समितिमा व्यापक छलफल हुनु जरुरी छ । यो विधेयक पशु चिकित्सकलाई नियमन गर्न ल्याएको हो कि पशु चिकित्सकबाहेक पशु स्वास्थ्यकर्मीलाई नियमन गर्न खोजिएको हो । सो विषय विधेयकको प्रस्तावना, परिभाषा, ऐनको नामलगायत कुनै पनि दफामा उल्लेख गरेको देखिँदैन । त्यसैले अन्य ऐनसँग नबाझिने गरी यस ऐनको प्रस्तावना, परिभाषा र नाममा संशोधन हुनु जरुरी छ । यस विधेयकको दफा १७ र १८ मा भएको व्यवस्थाअनुसार पाराभेटहरूमध्ये ३५ दिने तालिम प्राप्त ग्रामीण पशुकार्यकर्ता, प्राविधिक एसएलसी, ३ वर्ष अध्ययन गरेका प्राविधिकहरूबिच पनि योग्यताअनुसारका कार्यहरू फरकफरक हुने भएकाले निजहरूको योग्यताबमोजिमका कार्य नियमावलीहरूमा तोक्ने गरी ऐनमा नै व्यवस्था हुनुपर्छ । यसरी परिभाषित नगरिएको अवस्थामा चिकित्सक र ३५ दिने तालिम प्राप्त व्यक्तिहरूको विधेयकको दफा २ को (च) अनुसार एकै कानुनी अधिकार हुन आउने भएकाले यसको प्रभाव भेटेनरी सेवामा मात्र नभई समग्र भेटेनरी सेवाको मर्म जनस्वास्थ्य र वातावरणमा पर्न जान्छ । संविधानको अनुसूची-६ को प्रदेशको एकल अधिकारको कार्य विस्तृतीकरणको क्रम सङ्ख्या २० मा राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता अनुमति, नवीकरण, खारेजी र नियमनको व्यवस्था भएको हुदाँ प्रदेशहरूले पनि त्यसैबमोजिमको कानुन बनाउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यस्ता धेरै संशोधन गर्नुपर्ने भएकोले विधायन समितिमा सरोकारवालाहरूसहित बृहत् छलफल गरी कानुन बनाउँदा जनहितमा हुन्छ जस्तो मलाई लाग्दछ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. विमला राई पौडयाल ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, मैले भन्नुपर्ने कुराहरू पूर्ववक्ता माननीयज्यूहरूले पनि धेरै भनिसक्नुभएको छ । यो विधेयकमा दुईओटा कम्पोनेन्ट छ । एउटा पशु सेवाको एउटा पशु चिकित्साको । सेवा र चिकित्सा दुइटा फरक विधा हुन । म पढेकै कलेजमा पनि दुई खालकै पढाइ हुन्थ्यो । Animal Husbandry र Veterinary भनेर पढाई हुन्थ्यो । अनि त्यो सेवा दिने र चिकित्सा दिने व्यक्तिहरू पनि फरक हुन्छन् । कसैले अब यो पारामेटिक्स यो चाहिँ डक्टरस र पारामेटिक्स भन्या जस्तो, लिगर अफिसर भन्या जस्तो पारा लिगर भन्या जस्तो दुइटा तह पनि हुन्छ । त्यो भएर अलिकति मिक्समाक्स भएर आएको छ यो विधेयक । मलाई दुःख चाहिँ के लाग्छ भने सरोकारवालाहरूले Individual सांसदहरू भेट्दै भेट्दै हारगुहार किन गर्नुपर्ने ? मन्त्रालयले सम्बन्धित सरोकारवालाहरूसँग पहिला नै छलफल किन गर्दैन ? अनि मन्त्रालयमा पनि दुइटा विभाग ठुलठुलै छन् । Joint Nature का पशुको विभाग पनि छ पशु विभाग र त्यसपछि कृषिको विभाग पनि छ । अनि पशु चिकित्सकहरू पनि त्यहाँ पशु सेवा विभागमा काम गरिरहेका छन् । भनेपछि त्यो जानकार नै छ मन्त्रालय यो विषयमा । अनि यस्तो विवादास्पद विषयलाई समेटेर यो विधेयक हामीकहाँ किन ल्याइन्छ ? प्रतिनिधि सभाले कसरी यसलाई पास गर्‍यो अनि अफ्ठ्यारो र पेचिलो छ । मैले मन्त्रालयलाई फेरि पनि अनुरोध गर्छु । सम्मानीय अध्यक्षज्यूमार्फत सरोकारवालहरूसँग छलफल गरियोस् र दुवैतर्फका सरोकारवालहरूलाई एक ठाउँमा ल्याएर negotiated के हुन्छ । दुइटैको मर्यादामा आँच नपर्ने र जनताले पनि सेवा चिकित्सा सेवा र पशु सेवा दुइटै सहज रूपमा पाउने गरीकन कसरी हामीले उहाँहरूको भूमिकालाई स्पष्ट पार्न सक्छौं । त्यसमा मन्त्रालयले पनि गृहकार्य पनि गरोस् । हामीकहाँ समितिमा आउनुभन्दा पहिला भनेर भन्छु मैले र समितिमा पनि विधायन समितिमा पठाउनुपर्छ । यतिकै पास गर्न सकिदैन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोमा देवी तिमल्सिना ।

**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, मैले पनि माननीयज्यूहरूले उठाउनुभए जस्तै यो पशु तथा अहिले भरखरै माननीयज्यूले उठाउनुभयो पशु स्वास्थ्य तथा पशुपन्छी सेवा परिषद्को विधेयकको

बारेमा । अब अहिले माननीयज्यूहरूले धेरै कुराहरू उठाउनुभएको छ जायज कुराहरू । हामी सबैको कुरा एउटै हो । सबै जना अहिले जो पीडित हुनुहुन्छ । हामी पीडित छौं भनेर सबै जनालाई यहाँ हाम्रो बारेमा बोलिदिनुपऱ्यो, तपाईंहरूले सुनिदिनुपऱ्यो भनेर उहाँहरू भन्दै आउनुभएको छ । उहाँहरू ढोकाढोकामा सबै जनालाई भेटिरहनुभएको छ । के हो यस्तो वास्तविकता, समस्या ? यो ठुलो माछाले सानो माछालाई खान्छ भने जस्तो भयो कि । अब माथिल्लो तहको कर्मचारी, डाक्टरको हुनुहुन्छ । उहाँहरूले तल्लो तहको कर्मचारीहरूको मैदानमा काम गर्नेहरूको कुरा सुनिएन कि । त्यहाँ अन्याय भयो कि । के भयो भन्ने कुरा त । यो विधान आउनुभन्दा पहिला नै सम्बन्धित निकायहरूले यसलाई छलफल गर्नुपर्यो, जानकारी लिनुपर्यो, रिपोर्ट लिनुपऱ्यो त्यहाँ मैदानमा पुग्नुपऱ्यो अनि न हुन्छ । त्यो तल्लो तहको कर्मचारीहरू तलसम्म पुगेर काम गरिरहेका हुन्छन् । अब त्यो रिपोर्ट एक ठाउँबाट आयो भने वस्तुगत मूल्याङ्कन नगरी वस्तुगत मैदानमा नगईकन गरेका कुराहरू एकतर्फी हुन सक्छ । त्यसो भएको हुनाले यी कुराहरूलाई सबै जाँचबुझ गरीकन यो विधेयकलाई पास गर्नुपर्छ । जो अन्यायमा पर्नुभएको साना कर्मचारीहरू हुनुहुन्छ उहाँहरूको कुरा सुनिनुपर्छ भन्ने कुरा राख्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शेखर कुमार सिंह ।

**<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, निश्चित रूपमा यो विधेयक आउनासाथ देशभरिकै पशु स्वास्थ्यमा संलग्न व्यक्तिहरू धेरै एकदमै आक्रोशितसाथ आउनुभा'को छ । म्यासेज र उनका फोनले सुन्दाखेरि हामीले त्यसैमा पुग्यौं । तर हाम्रो अब यो राष्ट्रिय सभामा आइसकेको नाताले हाम्रै सम्पत्ति भएको नाताले हामीले नै भन्नुपर्छ यसमाथि । यसमा पशु स्वास्थ्यमा लागेका पशु पाराभेटनरी एण्ड भेटनरी एन डक्टरहरू राष्ट्रका लागि दुइटै अति आवश्यक सेवामध्ये कार्यरत क्षेत्रका मानिसहरू हुन । उहाँहरूप्रति गम्भीर रूपमा यसलाई विधायन समितिमा पठाएर छलफल गराएर दुइटै पक्षलाई राखेर के रहेछ त बिचका मतमतान्तर मिटाइदिनुपर्छ । किनकि उहाँहरू पशु स्वास्थ्यमा लाग्या प्रथम दीर्घाका एउटा हो । अर्को दोस्रो दीर्घाका पनि पशु स्वास्थ्य सेवामा कार्यरत भेटनेरियन फोर्सहरू प्याराभेटनरियन हो । र भेटनरी डक्टरहरूको समूह र तेस्रो पीएचडी डक्टरहरूको समूह

थरी थरीबाट उपस्थित हुनु भा'छ । त्योसमेत विधायन समितिमा गएर मसिनो किसिमले सम्पूर्ण कुरामा उहाँहरूको बुँदागत रूपमा राखेर सबै थरीलाई राखेर समन्वय गर्दिंदाखेरि एउटा राम्रो म्यासेज जान्छ ।

त्यसैमा कृषि र पशुपन्छी मन्त्रालयअन्तर्गत नै एउटा माछा समूह पनि हो । यस माछा समूहलाई पनि ध्यानमा राखेर उनको पनि माग मुद्दाहरूको पनि सम्बोधन गर्दिनुपर्छ । यति भन्दै म आफ्नो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भुवन बहादुर सुनार ।

**<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अहिले असाध्यै चर्चामा आ'को यो पशु सेवा, पशु स्वास्थ्यसम्बन्धी विषयलाई लिएर थुप्रा चाहिँ पशु सेवासँग सम्बन्धित मान्छेहरूले माननीयज्यूहरूलाई भेट्दै हिँडको कुरा जगजाहेरै छ । त्यस्तो किन भइरहेको छ भनेर उहाँहरूसँग कुरा गर्दाखेरिमा चिकित्सकहरू भन्नुहुन्छ उहाँहरू गैरजिम्मेवार भयो यो दुइटा मध्येमा पशु सेवा र पशु चिकित्सक सेवाका दुइटा चाहिँ लाइन देखियो र यो पशु सेवा चाहिँ प्रत्यक्ष किसानसँग जोडिएको छ । र किसानसँग बसेर काम गरेको छ । र डाक्टरसावहरू के भन्नुहुन्छ भने उहाँहरूसँग काम गर्दा चाहिँ केही हानि नोक्सानी भयो भने के गर्ने चलिराखेका
छन् । यस्तो विवाद चलिरहेको बेलामा राष्ट्रिय सभाले यो विधायन पास गर्न सक्दैन । यो विधेयक पास गर्न सक्दैन । त्यसले गर्दा यसलाई विधायन समितिमा नै राखेर दुवैपक्षलाई राखेर छलफल गराएर मात्रै त्यो प्रतिवेदनको आधारमा राष्ट्रिय सभाले पास गर्न सक्छ ।

र कसरी अर्को सभाबाट पास भएर आयो आश्चर्य कुरा छ । र सारमा भन्ने हो भने चाहिँ यसलाई दुवैपक्षलाई पशु चिकित्सकहरू र पशु सेवाकर्मीहरूको ठुलो मात्रामा छ । जो कृषि प्रदान देश चाहिँ पशु चाहिँ सेवकहरूलाई उत्साह पैदा गर्नको लागि यसलाई समितिमै लगेर छलफल गर्नुपर्छ । दुवैपक्षलाई समितिमा लगेर उहाँहरूको चाहिँ एकदम समझदारीमा पास गर्दा चाहिँ यो एकदम समृद्ध हुन्छ भन्ने कुरा नै राख्दै म सम्बन्धित निकायको ध्यानआकर्षण गराउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मदन कुमारी शाह (गरिमा) ।

**<u>माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ यहाँ विचार गरियोस् भनेर प्रस्तुत भएको छ । पूर्वमाननीयज्यूहरूले भन्नुभए जस्तैः मेरो पनि कुरा छ । यो पशु स्वास्थ्य र पशु सेवा फरक विषय हो जस्तो लाग्छ । यो विधेयकले दुइटै विषयलाई एकै ठाउँमा लिएर आएकै कारणले गर्दा र कार्यको विभाजन नगरेको कारणले गर्दा अलिकता विवाद सृजना भएको छ भन्ने मलाई लाग्छ । अब ३५ दिने तालिम प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता अनि त्यसपछि गएर प्राविधिक एसएलसी १८ महिने पढाइ भनेर भनिन्छ । त्यसैपछि गएर ३ वर्षे प्रविणता प्रमाण पत्र तह र ५ वर्षको प्रविणता प्रमाण पत्रपछिको जुन ५ वर्षको जुन डक्टरी पढाइ छ । ती सबैलाई एकै ठाउँमा राखेर कामको जिम्मा दिन सकिदैन भन्ने मलाई लाग्छ ।

त्यतिमात्र होइन नेपाल विश्व पशु स्वास्थ्य सङ्गठनको पनि सदस्य रहेको छ । त्यसका पनि केही मापदण्डहरू छन् । ती मापदण्डहरू पनि नेपालले पालन गर्नुपर्ने हुन्छ । भोलि हामी मासुजन्य पदार्थहरू निर्यात गर्दा त्यसको गुणस्तरीयताका कुराहरू हुन्छन् । त्यसको विश्वसनीयताका कुराहरू हुन्छन् । त्यसको लागि कस्तो खालको जनशक्तिले त्यसलाई निरीक्षण गरिरहेको छ । त्यसलाई Treatment  गरिरहेको छ भन्ने कुरा पनि प्रमुख हुन्छ  जस्तो मलाई लाग्छ । र यो जुन योग्यता छ । शैक्षिक योग्यताअनुसारको कामलाई चाहिँ यहाँ विभाजन नगरिएको हो किन भन्ने चाहिँ यो विधेयकमा चाहिँ देख्न आउँछ । त्यसो भएको हुनाको कारणले चाहिँ म के आग्रह गर्न चाहन्छु भने यो समितिमा पठाएर सबै पक्षकोलाई बोलाएर व्यापक छलफल गरेर मात्र यसलाई पास गर्नुपर्छ जस्तो मलाई लाग्छ ।

स्वास्थ्य भनेको जस्तो मानव स्वास्थ्य जति संवेदनशील हुन्छ । पशु स्वास्थ्य पनि त्यति नै संवेदनशील हुन्छ । स्वास्थ्यको अधिकार जति मानवको हुन्छ । त्यति नै पशुको पनि हुन्छ । त्यसकारणले गर्दाखेरि चाहिँ पशु हो त्यसकारण जस्ताको हातमा पनि दिनुपर्छ भन्ने हिसाबले जुन विधेयक आएको छ । यसलाई चाहिँ सहमति जनाउन सकिँदैन । तसर्थ यसलाई समितिमा पठाएर व्यापक छलफल गरेर मात्र यसलाई पारित गर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलमा भाग लिइरहेका छौं । यो विषय सबै माननीय सदस्यहरूज्यूले राखुभा'को छ । यहाँ विषय तीनटा पक्षबाट उठेको छ । एउटा पाराभेट जो पशुस्वास्थ्य कार्यकता, अर्को पशु चिकित्सक भेटनरी डक्टरसहरू अर्को विषयविज्ञ पीएचडीवाला । तीनटा समहूबाट विषयहरू उठेको छ । हामीले पशु सेवा चिकित्सा विधेयक, २०५५ ले पशु चिकित्सकहरूको हकमा केही गभर्न गरेको पाउँछौं । पाराभेट र विषयविज्ञलाई यसले सम्बोधन गरेको छैन । यो विधेयक आइरहँदा अहिले तीनटा पक्षहरू विभिन्न समूह बनाएर विभिन्न सांसदहरूलाई भेट्घाट छलफल गरिरहनुभएको छ र एक आपसमा अन्तरविरोध पनि पैदा भइरहेको छ । सम्माननीय अध्यक्ष महोदय, यसले सँगसँगै यो विधेयकमा मत्स्य विज्ञान पनि समेटिएको छैन । कृषि तथा वन विश्व विद्यालय, रामपुर, चितवनमा वीएस्सी फिजियोसेरिज, एमएस्सी फिजियोसेरिज र पीएचडी फिजियोसेरिजको पनि पढाइ हुन्छ । यो विधेयकले यही समूहमा रहेको मत्स्यको उत्पादित जनशक्तिलाई यो विधेयकले सम्बोधन गर्न सकिरहेको छैन । त्यसैले आज तीनटा समूहहरू जो अन्तरविरोध पैदा भएको एक अर्कामा अन्तरविरोध ढङ्गले उहाँहरू बहसमा पनि उत्रिरहनुभएको छ । हामीले कानुन बनाइरहँदा कानुन चाहिँ सबैले पालना गर्ने, सबैलाई लागु हुने हिसाबले पनि हेर्नुपर्छ । त्यसो भा'को हुनाले एउटा त शैक्षिक योग्यतालाई विस्तृतकरण गर्ने, शैक्षिक योग्यताअनुसार कामको वर्गीकरण गर्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ ।

त्यसैले यो पशु स्वास्थ्य, एउटा स्वास्थ्य र सेवासँग एउटा चाहिँ पशुको स्वास्थ्य जोडिएको विषय छ । अर्को हामीले दिने सेवा यो तीनटैको महत्त्व छ । पाराभेटहरू जो ठुलो सङ्ख्यामा स्थानीय तहमा अथवा ग्रामीणस्तरमा कार्यरत हुनुहुन्छ । उहाँहरूको पनि आफ्नै खाले समस्या छ । उहाँहरूका भोगाइ, अनुभवहरू पनि छ । उहाँहरूलाई पनि कानुनमा चाहिँ ल्याउनुपर्ने आवश्कयता टट्कारो छ । यसलाई सम्बोधन गर्नुपर्छ ।

अर्को पशु चिकित्सकहरू विषय विशेषज्ञको हिसाबले काम गरिरहनुभएको छ । उहाँहरू यो  पनि सवालहरू छन् । जो अर्को विषयविज्ञहरू पीएचडी गर्नुभा'को छ ।

उहाँहरूको विषय पशुको स्वास्थ्य र पशुको सेवामा उहाँहरूको पनि महत्त्वपूर्ण योग्दान छ । अन्तर्राष्ट्रिय हाम्रो मान्यताहरू पनि छ । यी तीनटै कुराहरू बहुत मसिनो ढङ्गले हामीले छलफल गर्न जरुरी छ । यो सबैको आत्मसम्मानको कुरा प्रतिनिधित्वको पनि कुरा पनि रहेको हुनाले सबैको सेवा सुनिश्चितताको कुरा मापदण्डका कुरा पनि भा'को हुनाले यसलाई हामीले हतार हतार होइन समितिमा लगेर हामी दफावार छलफल गरेर यो विधेयकलाई समृद्ध बनाउनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. बेदुराम भुसाल ।

**<u>माननीय डा. बेदुराम भुसाल (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो पशु स्वास्थ्य तथा पशु सेवा परिषद् स्थापना गर्ने उद्देश्यले ल्याइएको विधेयकमा जसरी छलफल भइरहेको छ । पूर्ववक्ता माननीयज्यूहरूले जे भन्नुभएको छ । मेरा पनि कुरा तिनै नै छन् । त्यसो भ'र मैले दोहो-याउन चाहन्नँ । यसमा सरसर्ती हेर्दाखेरि कतिपय सन्दर्भहरू मिलाउनुपर्ने नै देखिन्छ भने अर्कोतर्फ सरोकारवालाहरूको आवाज चाहिँ सुन्नै पर्ने देखिन्छ । सँगसँगै २०७६ मा तयार भएको विधेयक हो । २०७६ मा टेबुल गरिएको थियो । अहिले मात्रै प्रतिनिधि सभाबाट यता आएको छ । यो अवधि धेरै लामो पनि भइसेकको छ । त्यस हिसाबले कतिपय सन्दर्भहरू अध्यावधिक गर्नुपर्ने पनि हुन्छ होला । त्यसकारणले यसलाई विधायन व्यवस्थापन समितिमा पठाएर अलि गम्भीरताका साथ छलफल गरेर पारित गर्ने प्रक्रियामा लैजाऊ भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुमित्रा वि.सी. ।

**<u>माननीय श्री सुमित्रा वि.सी.(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज जुन यो पशु सेवा विधेयक छ । थुप्रै कुराहरू आइसकेका छन् । म त्यसैलाई जोड दिन चाहन्छु । १५ हजार डक्टरहरू पशु डक्टर र उहाँहरू त्यो पनि धेरै विदेशमा बस्ने र लगभग ६० हजार प्राविधिकहरू गाउँ गाउँमा खटिरहनुभएको र

उहाँहरूको पनि आफ्नै समस्या भ'को जुन यो कानुन पटक पटक संशोधन गर्ने पटक पटक विधेयक ल्याउने कुरोभन्दा पनि हामी हतारमा नगरेर अलि गम्भीरतापूर्वक हामीले सोचेको र प्राविधिकहरूले आफ्नै भोगाइअनुसारको यसलाई योग्यताअनुसारको काम र कामअनुसारको दाम पनि हुनुपर्ने र प्राविधिकहरूले काम गरेअनुसारको यसको मान्यता पनि हुनुपर्ने । यी सबै कुराहरू भा'को कारणले हामीले यसलाई हतार नगरेर सम्बन्धित सरोकारवालाई सहित सहभागी बनाएर यो विधायन समितिमा पठाएर सबै माननीयज्यूहरूले भनिसक्नुभा' छ । म पनि यसलाई जोड दिन चाहन्छु । र यो गम्भीरतापूर्वक यस्तालाई प्राविधिक कुराहरूमा हामीले नीति निर्माण गर्दाखेरि कसैलाई पनि अफ्ठ्यारो नहुने र स्वयम् किसानहरूसँग बढी सम्बन्धित भएको र पशु सेवा, स्वास्थ्य पशु सेवा, पशुहरूको स्वास्थ्य बिग्रियो भने हामी मानवको स्वास्थ्यमा पनि असर पर्ने भ'को कारणले जस्तैः रोगी पशुहरूलाई सिफारिस गरियो अथवा हामी मांसहारी पनि मान्छे छौं । त्यसकारणले हाम्रो स्वास्थ्यमाधरी असर पर्ने भएको कारणले यस्ता पशुको स्वास्थ्यको लागि पनि हामी गम्भीर भएर एउटा कानुनहरू बनाउनुपर्छ । पशु स्वास्थ्यकर्मीहरू, प्राविधिकहरूलाई पनि उहाँहरूको मेहनतअनुसार योग्यताअनुसार र उहाँहरूको खटाइ र भोगाइअनुसारको सेवा र सुविधाको र अधिकारको मान्यता प्रदान गर्नुपर्छ । र यो विधेयकलाई विधायन समितिमा लिएर सरोकारवालासहितलाई सहभागी गराएर यसलाई गम्भीरतापूर्वक छलफल गरौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले मैले यो विधेयकको सरसर्ती हेर्दाखेरि मैले संविधानको ..... अधिकारक्षेत्रको सरकारका तहहरूबिचमा कुन कुन सरकारलाई के कस्तो अधिकार छ विशेष गरी पशु स्वास्थ्य र पशु सेवासम्बन्धमा सरसर्ती हेर्दाखेरि स्थानीय तहको पशुपालन र पशु स्वास्थ्य, प्रदेशको पशु विकास एकल अधिकारमा छ । र संघ र प्रदेशको पशु चिकित्सा छ । संघीय सरकारको संघीय तहको विशेष गरी एकल अधिकारमा छैन । अलिकति संघ र प्रदेशको साझा अधिकारमा जोडेको छ । तीन तहको सरकारको साझा अधिकारको सूचीमा छैन ।

सबभन्दा पहिलो कुरा चाहिँ यो विधेयक ड्राफ्ट गर्दाखेरि सरकारका अधिकार क्षेत्रको तहहरू बिचमा कुन कुन तहको के अधिकार भन्ने कुरामा विभागीय मन्त्रालयले त्यति ख्याल गरेन्न, ध्यान दिएनन् । सबभन्दा यो विषयलाई गम्भीरतापूर्वक ध्यान दियोस् । विशेष गरी मन्त्रालयलाई पटक पटक हामीले यो फोरममा भनेका पनि छौं । संसदमा पनि भनेका छौं । मन्त्रालयहरूले विधेयक ड्राफ्ट गर्दाखेरि कम्तीमा विषयगत समिति, मन्त्रालयहरूको संघीय मन्त्रीहरूको अध्यक्षतामा एउटा विषयगत समिति हुन्छ । प्रदेशका विभागीय मन्त्रीहरूसहितको बसेर एउटा कानुन बनाउनुपर्‍यो, ड्राफ्ट बनाउनुपर्यो । र यो अवधारणा अब यो अलिकति अवधारणा अलिकति चाहिँ ठिक पनि लाग्यो मलाई । तर अलिकति सेन्ट्रलाइज माइन्ड सेटबाट बनेको छ ।

अब पशु स्वास्थ्य र मान्नुस् हुम्ला र जुम्ला, डोल्पा, दार्चुला, बाजुरामा पशु स्वास्थ्य र पशु सेवा सेक्टरमा काम गर्नलाई दर्ता गर्न चाहिँ काठमाडौं, केन्द्रीय कार्यालय भनेर काठमाडौं आउनुपर्ने स्थिति छ । अधिकार चाहिँ हेर्दाखेरि चाहिँ तह हाम्रो विकेन्द्रीत भा' छ हैन । तर फेरि त्यहिँ छ । त्यसकारण अलिकति यो प्रदेशसँग सहित समन्वय, सहकार्य गरेर अधिकारको कुरा चाहिँ गर्ने हो भने प्रदेशको अलि बढी देखिन्छ यसमा। संघको त छँदै छैन । अलिकति गहन रूपमा छलफल गरेर विभागीय मन्त्रालयले चाहिँ अलिकति जिम्मेवारी लियोस् । यहाँ त कस्तो भयो भने ताप्के तात्ने कि बिँड तात्ने भन्ने स्थितिमा यहाँ चाहिँ ताप्के तातेकै छैन बिँड तातिरहेको स्थिति पनि छ । यो विषयलाई पनि ध्यान दियोस् । हस त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, कुराहरू प्रशस्तै आइसकेका छन् । र मेरो पनि कन्सर्नका विषयहरू ती नै हुन । र यहाँ पशु स्वास्थ्यकर्मी अथवा पाराभेट्स, पशु चिकित्सक अथवा भेटनरी डाक्टरहरूको अधिकार अथवा काम गर्ने क्षेत्रलाई कसरी नियमन गर्ने भन्ने कुरासँगै सम्बन्धित छ र थप चाहिँ यो क्षेत्रसँग सम्बन्धित अगि पनि कुरा उठिसकेको छ । पीएचडी डाक्टरहरूको कुरा पनि छ । र एउटा उहाँहरूले उठाएको कुराहरूमध्ये जाएज कुरा के छ भने करिब ६०/७० हजारको सङ्ख्यामा पशु स्वास्थ्यकर्मी गाउँ गाउँमा काम गरिरहेको अवस्था र १५ एराउन्डमा चाहिँ पशु डाक्टर अथवा पशु

चिकित्सकहरूको सङ्ख्या रहेको र उहाँहरूले सबै क्षेत्रमा चाहिँ हेर्न नभ्याउने स्थिति र उहाँहरूको दुवैको माग के रहेको भन्दाखेरि पशु स्वास्थ्यकर्मीलाई जुन अधिकार दिइएको छ । त्यो अधिकार चाहिँ यो पशु चिकित्सक वा सोसरह भयो भन्ने छ । यो विधेयकमा आएका कुराहरूमा त्यसले गर्दाखेरि मेरो कन्सर्नको कुरा अर्को के हो भने यो कानुन निर्माण गर्दाखेरि नि यस्ता कुरालाई ध्याननदिईकन भटाभट कसरी आयो प्रतिनिधि सभाबाट । प्रतिनिधिसभाबाट यस बारेमा सम्बद्ध पक्षहरूलाई राखेर छलफल गरेर ल्याउनुपर्नेमा यो ऐन यहाँसम्म कसरी आइपुग्यो भन्ने कुरा नै अलि चाखलाग्दो कुरा छ । त्यसले गर्दा यहाँ आइसकेको छ । त्यसो हुदाँ यहाँ आएको विधेयकलाई यी सबै क्षेत्रलाई समेटने गरी, सबै क्षेत्रलाई नियमन गर्ने गरी र उहाँहरूको पनि के भनाइ छ भने यो पशु स्वास्थ्यकर्मीहरूको जे काम गरिरहेका छौं हामी त इल्लिगल काम गरिरहेका छौं । हामीलाई नियमन गर्ने कुनै क्षेत्र छैन भनेर उहाँहरूले भनिराखेको अवस्थामा यसलाई मिलाएर यो विधायन व्यवस्थापन समितिमा छलफल गरेर यसलाई मिलाएर लेरजानु पर्छ । पूर्ववक्ता माननीयज्यूहरूको जस्तै मेरो पनि भनाइ यो छ । त्यसो हुदाँखेरि हामीले सप्पैले एक भएर यो विधेयकलाई समृद्ध बनाउन आवश्यक छ । हस, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र ।

**<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- प्रस्तुत पशु स्वास्थ्य तथा पशु सेवा विधेयक, २०७६ पशु स्वास्थ्य प्राविधिक जेटी, जेटीएलाई नियमन गर्न ल्याइएको हो । तर यस विधेयकको नाम, प्रस्तावना र परिभाषामा परिभाषा पढ्दा यो कसको लागि ल्याइएको हो भन्ने कन्फ्युजन ल्याएको छ । तसर्थ यस विधेयकमा दुवै थरी सरोकारवालालाई राखेर छलफल गरीकन यो विधेयक पास गर्न आवश्यक छ । मैले यति नै भनें । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**माननीय श्री माननीय राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामीले यहाँ यो पशु सेवाको विषयमा धेरै छलफल गर्यौं र खास गरी उहाँहरूले चाहेको उहाँहरू करिब ७५ हजार विशेषज्ञ जनशक्ति भएको उहाँहरूको योग्यताअनुसारको तहगत वर्गीकरण र वर्गीकरणअनुसारको कार्य जिम्मेवारी र जवाहदेही र सेवालाई मर्यादित बनाउनको निम्ति राज्यलाई हामीले सहयोग गर्छौं । र हाम्रो सेवा मर्यादित र बनाउनुपर्यो । अराजक भयो व्यवस्थित गर्नुपर्‍यो भन्ने खालको चाहिँ हामीले देखिन्छ । यसलाई आवश्यक भए उहाँहरूसँग छलफल गर्नुपर्ने हुन्छ । नभनी विज्ञहरूले काम गरिरहेका किसानसँग जोडिएका मानिसहरूले जुन तहगत रूपमा उहाँहरूले आफ्नो जिम्मेवारी सम्हाल्न पाउनुभा' छ । यो त उपयुक्त हो भन्ने मलाई लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव**:- सम्माननीय अध्यक्ष महोदय, माननीयजीहरूले लगभग लगभग जति माननीयज्यूहरूले बोल्नुभएको छ । यो विधेयकमा केही कन्फ्युजन छ । र यसलाई चाहिँ विधायन समितिमा लगेर अझ छलफल गरेर अझ समृद्ध बनाउनुपर्दछ भने आएको हो । हामी यो सम्पत्ति निश्चित रूपमा प्रतिनिधि सभाबाट यो २०७६ मा सालमा नै त्यहाँ टेबुल भएको र कृषि तथा सहकारी र पूर्वाधार समितिमा व्यापक छलफल गरी धेरै त्यसमा पनि ३१ ओटा लगभग संशोधन आ'को थियो र तापनि केही बुँदामा अहिले पनि सरोकारवालाहरू विभिन्न पक्षहरूसँग हुदाँ म कहाँ पनि मन्त्रालयमा पनि आइराखेका छन् । त्यो अझ समृद्ध
गर्नुपर्छ । म पनि नेपाल सरकार यसमा श्रमिकसँग सहमत छ । माननीयज्यूहरूसँगको जुन कन्सर्न आ'को छ । त्यसमा सहमति नै छ । अझ यसलाई चाहिँ विधायन

समितिमा लगेर चाहिँ अझ छलफल गरेर अझ समृद्ध बनाएर कन्फ्युजनहरू जुन छ चाहिँ त्यहाँ नै दूर गरेर गर्यो भने ठिकै होला । म यति भन्दै, धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राई</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले प्रस्तुत गर्नुभएको "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकउपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय खिमलाल देवकोटा । समय ३ मिनेट ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा उत्पति भएको यो विधेयक प्रतिनिधि सभाबाट २८ महिनापछि फिर्ता आएछ । प्रतिनिधि सभाले पठाएको विधेयकमा अर्थ विधेयकबाहेक १५ दिन, अन्य ६० दिनभित्र फिर्ता गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर राष्ट्रिय सभाले पठाएको विधेयकको सम्बन्धमा संविधान मौन छ । राष्ट्रिय सभाप्रति संविधानको यो विभेदकारी व्यवस्था हटाउन जरुरी छ । पहिलो कुरा यो ।

कलिकति मैले यो विधेयकको सम्बन्धमा म विशेष गरी जुन प्रदेशबाट निर्वाचित भ'को छु । त्यो प्रदेशको त्यो प्रदेश सभा, प्रदेशको सरकारले अलिकति ध्यानाकर्षण मप्रति गराएको हुनाले यो विधेयकमा मेरा केही असहमतिहरू पनि छन् । विशेष गरी यो राष्ट्रिय सभाले पास गरेर पठाएको विधेयक पनि हो । प्रतिनिधि सभाले लामो समय पनि लगायो । अलिकति मैले केही एक दुईओटा कुराहरू पनि राख्छु । र अलिकति मैले

एक/दुई मिनेट समय थप पनि माग गर्छु । सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिलो कुरा म यसको दफामै गएँ । दफा ७ मा प्राधिकरणको स्थापनाको कुरा भनिएको छ । प्रदेश सरकारले सहरी क्षेत्रभित्रका सार्वजनिक यातायात क्षेत्रलाई व्यवस्थापन गर्नको लागि एक वा एकभन्दा बढी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने गरी सात सदस्यीय सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिने छ भनिएको छ । अलिकति मैले संविधानको यो अलिकति सरकारका तहहरू बिचको अधिकार क्षेत्र पनि हेरेँ विशेष गरी यो सार्वजनिक परिवहनसम्बन्धी अधिकार चाहिँ प्रदेशको एकल अधिकार सूचीमा छ । र विशेष गरी हामीले बुझ्नुपर्ने कुराहरू, हामीले जान्नुपर्ने कुराहरू के हो भने अन्तरप्रादेशिकसम्बन्धी Issue हरू छ भने कानुनलगायतका कुराहरू छ भने संघीय सरकारले बनाउने हो । अन्तरपालिका स्तरीय छ भने कतिपय कुराहरू प्रदेश सरकारले हो । यो विशुद्ध प्रदेशको अधिकार क्षेत्रभित्रका कुराहरू छ । एउटा कुरा यो भयो ।

अर्को विषय के छ भने यसमा हरेक ठाउँमा अब यो अर्को यसमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति चाहिँ प्रदेश कानुनबमोजिम चाहिँ नियुक्ति गर्न सकिने छ । भनेर यहाँ लेखिएको छ । र यसको चाहिँ फेरि यसको चाहिँ अर्को कुरा के भनेको छ भने यसलाई चाहिँ यो पूरै यसको नेपाल सरकारले गर्ने छ यसको यो । यसको सेवा सुविधा चाहिँ प्रदेश कानुनबमोजिम भनिएको छ । अनि यसको नियुक्ति चाहिँ सबै संघीय सरकारले गर्ने भनेको छ । अलिकति यो दफाहरूको बिचमा पनि तदमेव्यता छैन ।

अर्को यो कर्मचारीसम्बन्धी व्यवस्थामा पनि कतिपय कुराहरूमा प्राधिकरणको सङ्गठन र व्यवस्थापन सर्वेक्षण स्वीकृतिका लागि चाहिँ फेरि मन्त्रालयसमक्ष पेस गर्ने रे । मन्त्रालयको परिभाषा चाहिँ को र'छ भने । धेरै खालको दफाहरूमा चाहिँ प्रदेश कानुनबमोजिम, प्रदेश कानुनबमोजिम भनेको छ । नियुक्तिलगायतका कुराहरू अनि कतिपय कुराहरू चाहिँ कर्मचारीलगायतका कुराहरू चाहिँ पूरै चाहिँ मन्त्रालय भनेको संघीय मन्त्रालय, संघीय मन्त्रालयको नाम चाहिँ नेपाल सरकारको यातायात हेर्ने भनिएको छ । र यति मात्रै हैन कि एउटा दफामा अब प्राधिकरण चाहिँ एउटा पालिका र अर्को पालिकाहरूको बिचमा यो यातायात प्राधिकरण गठन गर्न पनि सकिने भइयो भनेर त्यहाँ दिएको छ । फेरि आएर उपत्यकाभित्र गएर के भनिएको छ भने सार्वजनिक यातायात सेवालाई नियमन गर्न चाहिँ राजधानी क्षेत्रमा चाहिँ अर्कै खालको प्राधिकरण स्थापना यो विधेयकले गर्देको छ । जब कि यो प्रदेशको विशुद्ध अधिकार क्षेत्रभित्र हो । यो बागमती प्रदेशको अधिकार क्षेत्रभित्रको हो यो यहाँ तोक्दिएको छ । र धेरै खालका

Institution हरू हामीले बनायौं । हामीले कानुनहरू बनाउँदाखेरि किन हामी यसै त संघीय शासन प्रणालीप्रति बनाउँदा मानिसहरूको धेरै Institution भयो खर्चहरू बढे भनेर धेरैले Question पनि गरेका छन् । जब हामी हरेक विधेयकमा चाहिँ Institutional हरू बनाउने धेरै यहाँ यति हैन कि एउटा पालिकाले पनि गठन गर्न सक्ने । सबै Joint पनि गठन गर्न सक्ने भनेको खालको यो व्यवस्था छ । यति मात्रै हैन कि यो विधेयकमा मैले सरसर्ती हेर्दाखेरि विधेयक पूरै संघीयता विरोधी छ । प्रदेशको अधिकारलाई यसले कुन्ठित गरेको छ । र विभिन्न खालका Institution को प्रस्ताव गरेको छ । र खर्च बढाउने धेरै संस्थागत संरचना गरेको छ । र दफाहरू बिचको पनि एउटा sequence छैन । कुनै पनि खालको दफाहरू बिचमा Sequence छैन । त्यसकारण यो विधेयक चाहिँ त्यति स्वीकार्य खालको देखिँदैन । अलिकति यहीं राष्ट्रिय सभाले छलफल गरेर प्रतिनिधि सभामा पठाएको र प्रतिनिधि सभाको मैले यो पनि हेरा त्यो प्रतिवेदन पनि हेरे यसमा खासै उस पनि यो विधेयक चाहिँ के गर्ने अलिकति अब यही राष्ट्रिय सभाले छलफल गरेर विधायन समितिले समय लगाएर छलफल गरेर पठाएको देखिन्छ । विधायन समितिले करिब करिब ७ महिना लगाएर विधायन समितिमा रहेको पनि देखें, हेरे मैले डेटा हेरे त्यसकारण यो विधेयकमा प्रदेशको विशेष गरी यो बागमती प्रदेश सरकारको बागमती प्रदेश सभाको एकदम विमति छ । म यहीं प्रदेशबाट निर्वाचित भ'को हुनाले प्रदेशको आवाज पनि बुलन्द गरें । हस् त, धन्यवाद । नमस्कार

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्न क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राई</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले यस गरिमामय सदनमा

माननीय सदस्यज्यूहरूले उठान गर्नुभएका विषयहरूमा स्पष्ट पार्न चाहन्छु । खास गरेर चाहिँ यो जुन सहरी क्षेत्रका सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण विधेयक नाम चाहिँ उत्पति मन्त्रालयबाट चाहिँ उपत्यका सार्वजनिक चाहिँ यातायात व्यवस्थापन प्राधिकरण थियो । पछि यहीँ राष्ट्रिय सम्मानित गरिमामय सदनले त्यसलाई चाहिँ सहरी क्षेत्र भनेर चाहिँ परिवर्तन गरेर झन्डै ४८ ओटा मलाई लाग्छ चाहिँ बुँदा संशोधनसहित प्रतिनिधि सभामा पठायो । र प्रतिनिधि सभामा चाहिँ केही यसलाई स्वीकार गरेर केही थप कुराहरू चाहिँ राखियो । त्यो थप कुराहरूमा जसरी दुइटा विषय थियो । इन्जिनियर, प्रशासक नियुक्तिको विषयमा इन्जिनियर र चाहिँ कानुन विषयमा स्नाकोत्तर थियो । त्यसलाई चाहिँ विकास व्यवस्थापन र चाहिँ अर्थ दुइटा थपियो उमेर ३५ थियो जुन त्यो हटाइयो । अब अनुभव पहिलै भएको पनि हुन पाउने महिला समावेशीताको कुरामा चाहिँ समावेशीताका सुनिश्चितता गरियो । त्यस्तै अन्य कुराहरू पनि गरिएको थियो । यसमा अहिले चाहिँ यस गरिमामय सम्मानित सदनमा दुइटा विषय मात्रै चाहिँ माननीय सदस्यज्यूले राख्नुभा'को थियो । संविधान र परिकल्पना र कानुनभन्दा अहिलेको विषयवस्तुभन्दा फरक भएकोले भन्ने चाहिँ उहाँको विषय आएको छ । मैले के स्पष्ट पार्न चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत यस गरिमामय सदनमा अब केही कुराहरू चाहिँ विद्यमान संविधान र कानुनमा विभिन्न राजनीतिक दलका विभिन्न चाहिँ आम नागरिकका विभिन्न दृष्टिकोण र धारणाहरू छन् । तसर्थ अहिलेको संविधानको अनुसूची-१ हामी हेर्ने हो भने संघीय कानुन मै नीति र कानुन बनाउने भन्ने एकल अधिकारमा चाहिँ छ । संविधानको अनुसूची-१ मा बुँदा नम्बर २० मा स्पष्ट रूपमा चाहिँ छ भन्ने चाहिँ म अवगत गराउन चाहन्छु ।

अब प्राधिकरण किन बनाइयो भन्ने चाहिँ उपत्यकाको हकमा चाहिँ तीनटै मेकानिजम संयुक्त मेकानिजम निर्माण गरेर जाने भन्ने भयो तर अन्य प्रदेशको हकमा चाहिँ त्यो मेकानिजम चाहिँ संघीय होइन प्रादेशिक सरकारले निर्माण गरेर जाने भन्ने कुरा भयो । तर त्यसको मेकानिजम अध्यक्षता परिषद् जुन बन्छ भने त्यसको सबैभन्दा बढी जनघनत्व भएको मेयरले, प्रमुखले चाहिँ नेतृत्व गर्ने परिषद्को अध्यक्ष हुने भन्ने त्यो व्यवस्था कानुनमा छ । जसरी काठमाडौं उपत्यका यो सार्वजनिक सहरी यातायात प्राधिकरण विधेयक चाहिँ जुन कानुनमा बन्छ भने त्यसको अध्यक्ष परिषद् को हुने त्यो चाहिँ काठमाडौं महानगरपालिकाको मेयर अध्यक्ष हुने । त्यस्तै ललितपुरको उपाध्यक्ष हुने । दोस्रो जनसङ्ख्या भएको बाँकी नगरपालिकाहरू उपत्यकाभित्रको सबै सदस्य हुने

भन्ने व्यवस्था गरिएको छ । र त्यो चाहिँ मैले चाहिँ अनुसूची-९ अब केही मत भिन्नताहरू संविधानको विभिन्न बुँदाहरूमा विभिन्न दलहरू, विभिन्न माननीयज्यूहरूको होला । त्यसमा संघ, प्रदेश र स्थानीय तहले अनुमति दिने भन्ने विषय स्पष्ट रूपमा बुँदा नम्बर १५ मा चाहिँ उल्लेख गरिएको छ । त्यो पनि मैले जानकारी यस सम्मानित सदनमा गराउन चाहेँ ।

तसर्थ अब यसमा चाहिँ विभिन्न देशको चाहिँ हामी अन्य देशको कल्पना गर्ने हो भने यातायातसम्बन्धी सम्पूर्ण कुराहरू चाहिँ प्रादेशिक सरकारले हेर्ने मात्रै व्यवस्था रहेको छ । तर हाम्रो देशको संविधानमा एकल सूचीमा पनि कानुन, नीति र मापदण्ड बनाउने अधिकार संघलाई दिइएको । त्यस्तै अनुसूची-९ मा चाहिँ साझा अधिकार सूचीमा पनि तीनटैलाई अनुमति जसरी अहिले तपाईंलाई स्मरण होला । यातायात व्यवस्था कार्यालयहरूले सम्बन्धित स्थानीय तहमा एउटै स्थानीय तहमा चल्ने, गुडने गाडीहरू सार्वजनिक यातायातहरूलाई अनुमति, रुट पर्मिटको सिफारिस दिने भन्ने स्थानीय तहले दिन्छ । त्यस्तै प्रदेशभित्र सञ्चालन हुने गाडीको रुट पर्मिटको सिफारिस प्रदेशले दिन्छ । र अन्तरप्रदेश, एक प्रदेशबाट अन्य प्रदेशमा सवारी सञ्चालन गर्नुपर्यो भने संघले अनुमति दिने गरेको व्यवस्था छ । अहिलेको विद्यमान अवस्थामा ।

तसर्थ काठमाडौं उपत्यकाभित्र सबैभन्दा बढी चाप संघीय अनुमति प्राप्त गाडीहरू देशभरिबाट आउने गाडी, गुड्ने गाडी, सार्वजनिक यातायात सञ्चालन हुने गाडी र प्रादेशिक अनुमतिबाट पनि गाडी हुने र स्थानीय तह स्थानीयस्तरबाट पनि अनुमति प्राप्त गाडीहरू सञ्चालन हुने । र एक अर्को जिम्मवारीबाट पन्छिने भएको कारणले तत्कालै चाहिँ यो संविधानबमोजिम एउटा कानुन निमार्ण गरेर उपत्यकाको सहरी सार्वजनिक यातायातलाई कसरी व्यवस्थित गरौं भन्ने चाहिँ उसका उद्देश्यका साथ उपत्यका सहरी सार्वजनिक यातायात प्राधिकरणको विधेयक चाहिँ प्रस्तुत आ'को हो । यो संविधानसँग बाझिएको विषय होइन । यसमा समृद्ध भोलिको दिनमा अन्य देशको चाहिँ चलन जस्तै यो यातायातको चाहिँ नीति, कानुनहरू सबै व्यवस्थाहरू सम्बन्धित प्रदेशले नै हेर्ने गरी जानुपर्ने हो तर संविधानले नै अनुसूची-१ मा बुँदा नम्बर २० र अनुसूची-९ को बुँदा नम्बर १५ मा साझा सूची र कानुन र मापदण्ड बनाउन दिने भएकोले अहिले तत्काल निर्माण गरिएको हो भन्ने म जानकारी गराउन चाहन्छु ।

तसर्थ, यो चाहिँ अहिले तत्कालै कानुनको रूपमा निर्माण भएको खण्डमा यसले चाहिँ थप समृद्ध हुन्छ । र केबल उपत्यका यसको फेरि परिषद् अध्यक्ष मेयर काठमाडौंको हुने यहाँका नगरपालिकाका सदस्यहरू चाहिँ नगरपालिकाको प्रमुख/उपप्रमुखमध्ये चाहिँ सदस्य सबै नगरपालिकाको सदस्य हुने एउटा कार्यकारी प्रशासक मात्रै संघको हुने बाँकी प्रदेशसम्बन्धित प्रदेशको चाहिँ मन्त्रालय हेर्ने यातायात मन्त्रालयको सचिव सदस्य हुने यहाँको ट्राफिक व्यवस्थापन यहाँको यातायात व्यवस्था विभागका प्रमुखहरू सदस्य हुने व्यवस्था गरिएको जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद

विश्वविद्यालय विधेयक, २०७९ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमितले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः-माननीय सदस्यहरू, अब म उक्त प्रस्तवलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ४:४९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ४:४९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १६:१४ बजे ।**